बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३ साल वैशाख २१ गते सोमबकारका दिन दिनको ११:०० बजे पाखीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | विष्णु |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल(धमला) | कार्यपालिका सदस्य | ९ | तारा |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | सविता |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री सुनिल पौडेल | प्रमुख प्रशासकीय अधिकृत | | |

सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १ | अनिस काफ्ले | अधिकृत आठौं तह | |
| २ | सुवास धमला | आर्थिक प्रशासन शाखा प्रमुख | |
| ३ | गोकुल घिमिरे | सुपरभाइजर | |

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**बैठकका कार्यसुचीहरु**

१) प्रस्ताव नं. १ : स्थानीय उत्पादन बजारीकरण सहयोग कार्यक्रम कार्यविधि २०८३ पारित गर्ने सम्बन्धमा ।

२) प्रस्ताव नं. २ : कृषि तथा पशुपंक्षी सेवा केन्द्र सञ्चालन कार्यविधि २०८३ पारित गर्ने सम्बन्धमा सम्बन्धमा ।

३) प्रस्ताव नं. ३ : पाखीबास नगरपालिकाको फूसको छाना हटाई टिनको छाना लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ पारित गर्ने सम्बन्धमा ।

४) प्रस्ताव नं. ४ : कन्टिन्जेन्सी रकमबाट बजेट व्यबस्था सम्बन्धमा ।

५) प्रस्ताव नं. ५ : सिंहदेवी चोक मुगाखोला उत्तरपानी मन्सीचौतारा सडक स्तरोन्नतीको भेरिएसन आदेश सम्बन्धमा ।

६) प्रस्ताव नं. ६ : आर्थिक सहायता सम्बन्धमा ।

७) प्रस्ताव नं. ७ : बालविकास सहजकर्ता व्यबस्थापन सम्बन्धमा ।

८) प्रस्ताव नं ८: सरकारी तथा ऐलानी जग्गा अतिक्रमणको लगत संकलन सम्बन्धमा ।

९) प्रस्ताव नं ९ : पीच सडकको मापदण्ड अनुसार राजस्व संकलन सम्बन्धमा ।

१०) प्रस्ताव नं १०: योजना तथा कार्यक्रममा रकमान्तर सम्बन्धमा ।

११) प्रस्ताव नं ११: दर रेट पुनरावलोकनको लागि अनुरोध गर्ने सम्बन्धमा ।

१२) प्रस्ताव नं १२: सेवा करारमा नियुक्ती सम्बन्धमा ।

१३) प्रस्ताव नं १३: सवारी साधन मर्मत सम्बन्धमा ।

१४) प्रस्ताव नं १४ : नमुना विद्यालयको ठेक्का बाट बाँकी रहेको बजेट कार्यान्वयन सम्बन्धमा।

१५) प्रस्ताव नं १५: मासिक औषधि उपचार खर्च बापतको रकम उपलब्ध गराउने सम्बन्धमा ।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

निर्णयहरु :

निर्णय नं. १

पाखीबास नगरपालिको चालु आ.व. २०८२।०८३ को नेपाल सरकार सशर्त अनुदान तर्फको स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम अन्तरगत प्राप्त रु २००००००। (बीस लाख रुपैया मात्र) को कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०८२ को दफा २७ को उपदफा ३ को सबै क्रियालापहरुमा कार्यान्वयन गर्न सक्ने अवस्था नरहेकोले दफा २७ को उपदफा ३ को (ख) र (ग) मा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्नको लागि बिक्री परिमाणका आधारमा प्रोत्साहन अनुदानको लागि रु १००००००।- र स्थानीय उत्पादनको बजारीकरणका लागी स्थानीय तहमा निश्चित सहकारी छनौट गरी उक्त सहकारीलाई बजारीकरण सहजीकरणका लागी निश्चित रकम वीउ पुँजीका रुपमा उपलब्ध गराउनको लागि रु १००००००।- कार्यान्वयन गर्नको लागि पाखीबास नगरपालिकाको विधायन समितिबाट पारितको लागि पेश भएको स्थानीय उत्पादन बजारीकरण सहयोग कार्यक्रम कार्यविधि २०८३ माथी छलफल गरी प्रस्तुत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

पाखीबास नगरपालिकाकाको लागि आर्थिक करिडोरको कार्यकलयबाट निर्माण भई आ.व. २०८१।०८२ मा हस्तान्तरण भएको कृषि तथा पसुपन्छी सेवा केन्द्र भवनबाट सेवा सञ्चालनको लागि विधायन समितिबाट पारितको लागि पेश भएको कृषि तथा पशुपंक्षी सेवा केन्द्र सञ्चालन कार्यविधि २०८३ माथी आवस्यक छलफल गरि पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

पाखीबास नगरपालिकाकाको सत्रौ नगरसभाको हिँउदे अधिवेशनबाट स्वीकृत कार्यक्रम फूसको छाना बिस्थापनको लागि जस्ता पाता खरिद तथा वितरण कार्यक्रम कार्यान्वयनको लागि विधायन समितिबाट पारितको लागि पेश भएको भएको पाखीबास नगरपालिकाको फूसको छाना हटाई टिनको छाना लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ माथी आवस्यक छलफल गरि प्रस्तुत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

पाखीबास नगरपालिकाको आ.व.२०८२।०८३ मा कार्यान्वयन भएका तथा कार्यान्वयन हुने विभिन्न योजनाहरुको कन्टीन्जेन्सी बापतको रकम मध्ये बाट पाखीबास नगरपालिकाको

बैठक संख्याः ।२०८२।०८३
बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

कन्टिन्जेन्सी रकम खर्च कार्यविधि २०७५ बमोजिम तपसिल योजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | योजनाको नाम | योजना स्थल | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | धर्मशाला मन्सीचौतारा गम्भिरे ग्रामीण सडकको सुरफुङ टोलमा सोलिङ | पाखीबास -१० | २ लाख। | |
| २ | पाखीबास ४ बसपार्कमा विश्राम स्थल निर्माण स्थापना | पाखीबास ४ | १० लाख | |

**निर्णय नं.५**

पाखीबास नगरपालिकाको चालु आ.व. २०८२।०८३ को नेपाल सरकार समपुरक अनुदान तर्फको सिंहदेवीचोक-मुगाखोला-उत्तरपानी-मन्सीचौतारा सडक स्तरोन्नतीको ठेक्का सम्झौता बमोजिमको निर्माण कार्य अन्तरगत सडकको भौगोलिक अवस्थाको कारणले ०+९९६ चेनेजमा क्रस ड्रेनेज निर्माण गर्नु पर्ने भएकोले उक्त क्रस ड्रेनेज निर्माणको काममा डि.डब्लु.सी पाईप थप गर्न तथा ग्याबीन वाल निर्माणको काम थप गर्न आवस्यक भएकोले जम्मा लागत अनुमानमा नबढ्ने गरी तपसिल बमोजिम प्राविधिक शाखाबाट पेश भई प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृतीको लागि पेश भएको भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

पाखीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाखीबास धनकुटा
कोशी प्रदेश
२०७१

बैठक संख्याः ।२०८२।०८३
बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.५**

पाखीबास नगरपालिकाको चालु आ.व. २०८२।०८३ को नेपाल सरकार समपुरक अनुदान र पाखीबास नगरपालिकाको साझेदारीमा पा.न.पा.-३,९ र १० मा निर्माणाधिन सिंहदेवीचोक-मुगाखोला-उत्तरपानी-मन्सीचौतारा सडक स्तरोन्नती योजना (ठेक्का नं PKBSMUN/NCB/WORKS/2082/083-03) को निर्माण व्यबसायी श्री अवाई कन्स्ठट्रक्सन, धनकुटा -४ संग सम्झौता भई निर्माण कार्य भईरहेकोमा ३ नं वडा कार्यालयको च. नं ७७१ मिति २०८२।१२।२४ गतेको पत्रानुसार उक्त निर्माण कार्यको भेरिएसन आदेश गरिदिने सम्बन्धि सिफारिस प्राप्त भएको हुँदा मिति २०८३।०१।१७ गते नगर प्रमुख,उपप्रमुख,सम्बन्धित वडाका वडा अध्यक्ष, प्र.प्र.अ. योजना अधिकृत,लेखा अधिकृत,ईन्जिनियर,साईट ईन्चार्ज, निर्माण व्यबसायीको प्रतिनिधी तथा स्थानीय वासिन्दाहरु समेतको संयुक्त अनुगमन तथा निरिक्षण अनुसार तपसिल बमोजिम भएको देखिएकोमा सोहि बमोजिम भेरिएसन गर्नु पर्ने भनि निर्णय सहित प्राप्त भएको हुँदा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृतीको लागि पेश भएको भेरिएसन आदेश सुरु सम्झौता रकममा नबढ्ने गरि पेश भए अनुसार तपसिल बमोजिम भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

स्थलगत अनुगमनको क्रममा देखिएको विवरण

१. Ch 0+724 देखि Ch 0+799 सम्मको नालीको सडक तिरको पर्खाल भत्किएको,
२. Ch 0+850 देखि Ch 0+921 सम्म नयाँ नालीको निर्माण गर्न कृषि अनुसन्धान केन्द्रले जग्गा कटिङ्ग गरी नाली बनाउनु जग्गा उपलब्ध गराउने भएको,
३. Ch 0+996 मा रहेको पुरानो Slab Culvert भत्किएको,
४. Ch 1+292 मा रहेको पुरानो RCC Causeway को पर्खाल भत्किएको,
५. Ch 1+470 देखि Ch 1+548 सम्म हालको भुगोलको अवस्था र स्थानिय बसिन्दाको माग अनुसार दुवै तिर वाल आवश्यकता देखिएको,
६. Ch 1+815 देखि Ch 1+9~~22~~ 00 सम्मको पुरानो नाली भत्किइएको,

भेरिएसन आदेश गर्नु पर्ने विवरण

१. Ch 0+724 देखि Ch 0+782 सम्म सडक रोड साइड तिर RCC Wall निर्माण गर्ने साथै र Ch 0+724 देखि Ch 0+799 सम्म नालीको बेडमा RCC ढलाइ गर्ने,
२. Ch 0+850 देखि Ch 0+921 सम्म नयाँ नालीको निर्माण गर्ने,
३. Ch 0+996 मा 600 Ø को DWC Pipe Culvert र Gabion wall निर्माण गर्ने,
४. Ch 1+292 मा रहेको DWC Pipe Culvert को लागि 7 मिटरको wall निर्माण गर्ने,

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

५. Ch 1+470 देखि Ch 1+548 दुवै साइड तिर Stone Masonry wall को नाली निर्माण गर्ने

६. Ch 1+815 देखि Ch 1+912 सम्म Tick Drain निर्माण गर्ने,

७. Ch 1+815 देखि Ch 1+960 सम्म ढुङ्गाको सोलिङलाइ Dismentling कार्य गर्ने,

बैठक संख्याः ।२०८२।०८३
बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

निर्णय नं ६

पाख्रीबास नगरपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहायताको लागि सिफारिस भई आएका तपसिल बमोजिमको नागरिकहरुको लागि तपसिल बमोजिम आर्थिक सहायता बापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क. सं | बिरामीको नाम | ठेगाना | रोग/ विपतको किसिम | वडा सिफारीस | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चन्द्र बाहादुर अधिकारी | पा.न.पा. १ | हाईड्रोसिल को विरामी | भएको | १०,०००/- | वडा नं १ को वजेट शिर्षकवाट |
| २ | रोहित कुमार अधिकारी | पा.न.पा. १ | सुगर प्रेसर तथा अन्य विरामी | भएको | १०,०००/- | वडा नं १ को वजेट शिर्षकवाट |
| ३ | दिल कुमारी पराजुली | पा.न.पा. १ | हात भाँचिएको | भएको | १०,०००/- | वडा नं १ को वजेट शिर्षकवाट |
| ४ | सरस्वती बस्नेत | पा.न.पा. ३ | पेटको विरामी | भएको | १०,०००/- | |
| ५ | फुल माया दर्लामी | पा.न.पा. ३ | आँखाको विरामी | भएको | १०,०००/- | |
| ६ | तिर्था कुमारी राई | पा.न.पा. ७ | नसाको विरामी | भएको | १०,०००/- | |
| ७ | देउता बि.क. | पा.न.पा. ५ | Neect head रोग | भएको | १०,०००/- | |
| ८ | दिपेन कार्की | पा.न.पा. १ | मृगौला रोगी | भएको | ३०,०००/- | |
| ९ | विष्णु बहादुर बिश्वकर्मा | पा.न.पा. ४ | मुटु ,फोक्सो विरामी | भएको | ७,०००/- | |
| १० | बिक्रम थापा | पा.न.पा. २ | हात भाँचिएको | भएको | १०,०००/- | |
| ११ | राम कुमार कार्की | पा.न.पा. ५ | हात भाँचिएको | भएको | १०,०००/- | |
| १२ | लिला माया मगर | पा.न.पा. ३ | क्यान्सरको विरामी | भएको | ७,०००/- | |
| १३ | चन्द्र बहादुर मगर | पा.न.पा. ३ | क्यान्सरको विरामी | भएको | ७,०००/- | |
| १४ | गोकुल घिमिरे | पा.न.पा.८ | पेटको अल्सर | भएको | ५०,०००/- | नगरपालिकाको औषधी उपचार खर्च |

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ( सुपरभाईजर ) | | | | | ( जनप्रतिनिधि तथा कर्मचारी ) शिर्षक बाट |
| १५ | राममणि राई | पा.न.पा. १० | गाडी दुर्धटना | भएको | २०,०००/- | |
| १६ | मनमाया बस्नेत | पा.न.पा.-५ | मुटु र टाउकोको विरामी | भएको | १००००। | ५ नं वडा कार्यालयको बजेटबाट |
| १७ | दिब्य पुरुष अधिकारी (सवारी चालक) | पाखीबास नगरपालिका | दीर्घ रोगी | | २५०००।- | नगरपालिकाको औषधी उपचार खर्च ( जनप्रतिनिधि तथा कर्मचारी ) शिर्षक बाट |
| १८ | राम तामाङ (नगर प्रहरी) | पाखीबास नगरपालिका | मुटुको दीर्घ रोगी) | भएको | २५०००।- | नगरपालिकाको औषधी उपचार खर्च ( जनप्रतिनिधि तथा कर्मचारी ) शिर्षक बाट |
| १९ | मनमाया बस्नेत | पा न पा ५ | मुटु र टाउकोको रोग | भएको | १०००० | ५ नं वडा कार्यालयको बजेट बाट |

निर्णय नं ७

नगर कार्यपालिकाको मिति २०८२।१२।२६ को निर्णय अनुसार पाखीबास नगरपालिका वडा नं ३ को अनिवार्य निशुल्क आ.वि. को बाल विकास सहजकरत् दरबन्दी कटौती गरी श्री चौरासीदेवी प्रा.वि. पा.न.पा. ९ मा सारिएकोमा हाल अनिवार्य निशुल्क आ.वि. को बाल विकास कक्षामा वालवालिका भर्ना भएको हुँदा काललाई अनिवार्य निशुल्क आ.वि. पाखीबास-३ को वाल विकास सहजकर्ता दरबन्दी यथावत राख्ने निर्णय गरियो ।

निर्णय नं ८

जिल्ला प्रशासन कार्यालय धनकुटाको च नं २१४२ मिति २०८३।०१।१८ को पत्रानुसार गृह मन्त्रालयको च नं ६३७ मिति २०८३।०१।१६ को पत्र बमोजिम नेपाल सरकारको स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय दिनको कार्यसुचीको बुँदा नं ९२ को कार्यान्वयनको लागि अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा पहिचान गरि ७ दिन भित्र विवरण पठाउने सम्बन्धि परिपत्र भएको हुँदा सबै वडा कार्यालयहरुलाई पत्राचार गरि अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको लगत संकलन गरि पठाउने निर्णय गरियो ।

निर्णय नं ९

पाखीबास नगरपालकाको सिमाना हिले छिन्ताङ सडक अन्तरगत साविका चुम्बाङ-७ मा रहेको सडक हाल पीच भएको हुँदा उक्त सडकको दाँया बाँया पाखीबास नगरपालिकाको हालको क्षेत्रका जग्गाहरुको घरबाटो सिफारिस तथा मुल्यांकनको लागि पीच सडकको मापदण्ड अनुसार राजस्व लिनको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

निर्णय नं १०

पाखीबास नगरपालिकाको सोह्रौ नगरसभा तथा सत्रौ नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये सम्बन्धित वडा कार्यालयहरुको सिफारिस बमोजिम देहायबमोजिम योजना तथा कार्यक्रमहरु संसोधन तथा बजेट रकम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | वडा नं | स्वीकृत योजना/कार्यक्रमको नाम | बजेट रकम | रकमान्तर गरिएको योजना तथा कार्यक्रमको नाम | बजेट रकम |
|---|---|---|---|---|---|
| १ | १ | जस्ता पाता खरिद | १ लाख | हिलटयाँक खरिद तथा वितरण | १ लाख |
| २ | १ | विद्युत मिटर खरिद तथा वितरण | ४७ हजार | वडास्तरीय सडक मर्मत तथा सरसफाई | ४७ हजार |
| ३ | ३ | ढुङ्गेधारा खोलीटार आँटार बगर सडक डि.पि.आर. | ३ लाख पचास हजार | मुगाखोला खानेपानी तथा | २००००० |
| | | | | सरसफाई समितिको पाईप खरिद | |
| | | | | किरात राई यायोखा साँस्कृतिक भेषभुषा पोषाक तथा बाजागाजा खरिद | १ लाख |
| | | | | सवारी साधन मर्मत खर्च | ५० हजार |
| ४ | ३ | आलेगाँउ देवीधान टहरा निर्माण | १ लाख | खोलीटार टोल विसका संस्था सामग्री खरिद | १ लाख |
| ५ | ९ | मानीगाँउ उत्तरपानी तामाङ दाहसंस्कार स्थल घ्याघर निर्माण | २ लाख | तामाङ दाहसंस्कार | २ लाख |

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ९ | तामाङ दाहसंस्कार निर्माण | १ लाख ५० हजार | स्थल मर्मत गम्बाडाँडा | १ लाख ५० हजार |
| ७ | ९ | प्रोज्क्टर खरिद | ७० हजार | वडा कार्यालयको लागि ल्यापटप खरिद | ७० हजार |
| ८ | ९ | विविध खर्च | २ लाख १७ हजार ५ सय | | २८ हजार |
| ९ | १० | आर्थिक सहयोग | | डोर हाजिरीमा सडक सरसफाई | २० हजार |

**निर्णय नं ११**

पेट्रोलियम पदार्थको तीब्र मुल्य बृद्धिको कारणले हाल निर्माण सामग्रीहरुको दर रेट जिल्ला तथा नगर दर रेट भन्दा अत्याधिक बढी भएको कारणले उपभोक्ता समिति तथा निर्माण व्यबसायीहरुबाट गरिने निर्माणको काममा प्रतिकुल असर परी साविक दर रेटमा निर्माणको काम गर्न नसक्ने अवस्था भएकोले प्रचलित बजारको दर रेट बमोजिम समय सापेक्ष दर रेट निर्धारणको लागि प्रमुख जिल्ला अधिकारी समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

पाखीबास नगर कार्यपालिकाको कार्यालयमा दैनिक ज्यालादारीमा कार्यरत ह.स.चा. श्री सुक बहादुर गुरुङ लाई २०८३ जेष्ठ १ गतेदेखी ह.स.चा. पदमा सेवा करारमा नियुक्ती दिने निर्णय गरियो ।

**निर्णय नं १३**

पाखीबास नगरपालिकाको सवारी साधन को १ झ ६६४ र को १ झ ५२० पुरानो भएको तथा नगरपालिकाका सबै वडाहरुमा सडकहरु कच्ची भएको हुँदा सवारी साधनहरु प्रयोग गर्दा मर्मत खर्च सवारी साधनको परल मुल्यको २५ प्रतिशत भन्दा बढी हुने अवस्था भएकोमा उक्त सवारी साधनहरुको विकल्पमा अन्य सवारी साधन समेत नभएकोले गर्दा वार्षिक मर्मत लागत सवारी साधनको परल मुल्यको २५ प्रतिशत भन्दा बढी भएता हाललाई मेकानिकल प्राविधिक बाट सिफारिस भए बमोजिम मर्मत गरी प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं १४**

पाखीबास नगरपालिका वडा नं ४ मा अवस्थित श्री जालपादेवी माध्यमिक विद्यालयको लागि नेपाल सरकार सशर्त अनुदान तर्फको केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान कार्यक्रमको लागि बिनियोजित रु १०००००००।-(एक करोड रुपैया मात्र) बाट अडिटोरियम हल निर्माणको ठेक्का सम्झौता भई सशर्त अनुदान तर्फको बाँकी रहेको रकम रु १६८००००।-(सोह्र लाख असी हजार रुपैया मात्र) बाट श्री जालपादेवी माध्यमिक विद्यालय, विद्यालय व्यबस्थापन समितिको मिति २०८२।१२।०४ को निर्णय तथा मिति २०८२।१२।०९ गतेको पत्र अनुसार उक्त विद्यालयको,सौचालय निर्माण, स्टेज निर्माण र थप आवस्यक भौतिक पुर्वाधार निर्माणको लागि बजेट खर्च गर्ने निर्णय गरियो ।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०१।२१ गते, समयः दिनको ११:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

निर्णय नं १५

पाख्रीबास नगरपालिकाबाट आ.व ०८२।०८३ मा नेपाल सरकारले उपलब्ध गराएको मृगौला प्रत्यारोपण गरेका,डायलासिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरूलाइ औषधी उपचार वापतको विरामीले पाउने मासिक रु ५०००।(पाँच हजार मात्र) रकम विरामीलाइ उपलब्ध गराइएको (यस अघि उपलब्ध भएको ) अनुमोदन गरि आगामी दिनमा उपलब्ध गराउनका लागि विपन्न नागरिक परिचयपत्र वा सम्बन्धित वडा कार्यालयले गरेको आर्थिक रूपमा विपन्न भएको सिफारिस मध्ये कुनै एकको आधारमा सम्बन्धित बिरामीलाइ मासिक औषधी उपचार वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।